याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)

थर्पु, पाँचथर
कोशी प्रदेश , नेपाल

सूचना नं. : ५७ - २०८०/०८१

मिति : २०८१/०३/१९
ने.सं.:११४४ तछलागा १२,बुधवार

**विषय : सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी सूचना।**

सामाजिक सुरक्षा ऐन,२०७५ बमोजिम सामाजिक सरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ तथा गृह मन्त्रालय,राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.३८५ र मिति २०८१/०२/२४ गरेको सूचना बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्‌कोको मिति २०८१/०२/२४ गतेको निर्णयानुसार आगामी आ.व. २०८१/०८२ का लागि सामाजिक सुरक्षा भत्ता नविकरण गर्दा Bio-metric Verification अनिवार्य हुने भएको र सो को लागि राष्ट्रिय परिचयपत्र नं.(National Identity Number) अनिवार्य रूपमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली(VERSP-MIS) मा अद्यावधिक भएको हुनुपर्ने भएकोले राष्ट्रिय परिचय पत्रको लागि फारम भरी Bio-Metric विवरण दिई फोटो खिचाइसकेको(Enrollment गराइसकेको) लाभग्राहीहरूले सो पश्चात प्राप्त भएको कागजात(निस्सा) को प्रतिलिपी र राष्ट्रिय परिचय पत्रको लागि Enrollment नगरेका(फारम नभरि Bio-Metric विवरण र फोटो नखिचाएका) लाभग्राहीहरूले यथासिघ्र जिल्ला प्रशासन कार्यालय,फिदिम,पाँचथरमा गई राष्ट्रिय परिचय पत्रको लागि Enrollment गराई सो पश्चात प्राप्त हुने कागजातको प्रतिलिपीसहित सम्बन्धित वडा कार्यालयमा गई आर्थिक वर्ष २०८१/०८२ का लागि मिति २०८१ भाद्र मसान्तभित्रमा स्वयम् उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न गराउन हुन अनुरोध छ। तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण नभएमा प्रणालीमार्फत स्वत: लाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले आ.व. २०८१/०८२ को सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. लाभग्राही परिचय पत्रको सक्कल प्रति।
२. राष्ट्रिय परिचयपत्रको प्रतिलिपी।
३. राष्ट्रिय परिचयपत्र नभएमा सो को १० अंकको विवरण भएको निस्सासहित नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
४. विधवा महिलाको हकमा अर्को विवाह नगरेको प्रमाण पत्र तथा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी।
५. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी र राष्ट्रिय परिचयपत्र वा NIN सहितको जन्मदर्ताको प्रतिलिपी।
६. लाभग्राहीको बैंक खाताको विवरण वा चेकको प्रतिलिपी।

बोधार्थ:
श्री वडा कार्यालय,सवै।
याङवरक गाउँपालिका,पाँचथर (सूचना प्रवाह गर्नु हुन।)

..................
स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

(नोट: वालवालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने,अशक्त वा असहाय र ९० वर्ष माथिका जेष्ठ नागरिकबाहेक अन्य लाभग्राहीहरुले स्वयम् सम्बन्धित वडा कार्यालयमा उपस्थित भई यो निवेदन दिनुपर्नेछ। निवेदन संरक्षकले निवेदन दिएको खण्डमा संरक्षकको राष्ट्रिय परिचय पत्रको प्रतिलिपी अनिवार्य राख्नुपर्ने छ।)



yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८,०२४-४१००४९

CamScanner